# दोश्रो गाउँसभाको पहिलो बजेट अधिवेशनमासभा सदस्य श्री मैते पुन द्वारा प्रस्तुत

# बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक, २०७९

(बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० कोसेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन)

## असार १०, २०७८

## बंगलाचुली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कमिरेचौर, दाङ

## अध्यक्ष महोदय एवं सदस्यज्यूरु,

नेपालको संविधान २०७२ अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यस गाउँपालिकाको गरिमामय दोश्रो गाउँसभाकोपहिलो वजेट अधिवेशनमा आर्थिक वर्ष २०७९/०८० का लागि आवश्यक विनियोजन विधेयक,२०७९ प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन आहुति गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धान्जली एवं घाईते अपाङ्गहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

## अध्यक्ष महोदय,

अब मबंगलाचुली गाउँपालिकाको सेवा र कार्यहरुका लागि संचित कोषबाट रकम खर्च गर्ने सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक, २०७९ प्रस्तुत गर्न गइरहेको छु।

# <u>बंगलाचुली गाउँपालिकाको विनियोजन विधेयक,२०७९</u>

१. **प्रस्तावनाः** बंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ कोउपधारा (२) बमोजिम बंगलाचुली गाउँसभाले यो ऐन बनाएको छ ।

२. **आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिका,विषयगत महाशाखा शाखाले,वडा समिति, गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थापनको रकम समेत गरी जम्मा रकम रु.६३,५५,२०,०००.००।-(**त्रिसठ्ठी करोड पचपन्नलाख बिस हजार**) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त बंगलाचुली गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत महाशाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ निवियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची - १

(दफा २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 |
| 1 | | वित्तिय समानिकरण | ० | १११९३३००० | ० | १११९३३००० |
| २ | | राजश्व बाँडफाँड | ७०००००० | ४७४९०००० | ० | ११७४९०००० |
| ३ | | शसर्त अनुदान | २६९३४१००० | १११७५६००० | ० | ३८१०९७००० |
| ४ | | आन्तरिक श्रोत | १०००००० | १५०००००० | ० | २५०००००० |
| जम्मा | | | ३४९३४१००० | २८६१७९००० | ० | ६३५५२०००० |

मितिः- २०७९/०३/१०

प्रस्तुतकर्ता

मैते पुन

संयोजक

बिध्ययेक समिति